जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १३ • अंक २२४ • २०८३ जेठ २१ गते विहिवार • 4 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# अत्यधिक गर्मीका कारण महोत्तरी सहित मधेश प्रदेशको जनजीवन प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० जेठ**



केही दिनयता बढेको अत्यधिक गर्मीका कारण महोत्तरीसहित मधेश प्रदेशको जनजीवन प्रभावित बनेको छ । बिहानैदेखि चर्को घाम लाग्न थालेपछि अत्यावश्यक कामबाहेक सर्वसाधारणलाई घरबाहिर निस्कन कठिन भएको छ । दिउँसो सहर, बजार तथा ग्रामीण सडकमा मानिसको चहलपहल उल्लेख्य रूपमा घटेको देखिन्छ ।

अत्यधिक गर्मीको प्रत्यक्ष असर दैनिक ज्यालादारी गर्ने मजदुरमा परेको छ। गौशाला नगरपालिका-४ रजखोरका ४५ वर्षीय मजदुर रामबहादुर सदाले दैनिक काम नगरे जीविकोपार्जन गर्न कठिन हुने भएकाले चर्को गर्मीका बीच पनि काममा जानुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले पछिल्ला चार-पाँच दिनयता अत्यधिक गर्मी बढेको उल्लेख गर्नुभयो । औरही नगरपालिका-२ का ७० वर्षीय किसान रामदिनेश यादवले अत्यधिक गर्मीका कारण बाहिर हिँडडुल गर्नसमेत कठिन भएको बताउनुभयो । उहाँका अनुसार सडक, घर, जग्गालगायत सबै ठाउँ अत्यधिक तातिएका छन् भने तातो हावाले थप सास्ती दिएको छ । पानीसमेत तातो हुने र निरन्तर पसिना आउने समस्याले दैनिक जीवन प्रभावित बनेको उहाँको भनाइ छ । गर्मीका कारण व्यापार-व्यवसायसमेत प्रभावित भएको व्यवसायीहरूले बताएका छन् । गौशालाका व्यवसायी रमेश गुप्ताले दिउँसो ग्राहकको आवागमन घटेकाले व्यापारमा असर परेको बताउनुभयो। उहाँका अनुसार अहिले साँझपख मात्र केही ग्राहक बजारमा आउने गरेका छन् । अत्यधिक गर्मीसँगै विद्युत् खपत बढेपछि गौशाला र बर्दिवास क्षेत्रमा पटक-पटक विद्युत् आपूर्ति अवरुद्ध हुने समस्या देखिएको छ ।

पंखा, कुलर, फ्रिज तथा पानी तान्ने मोटर लगायत विद्युतीय उपकरणको प्रयोग बढेपछि प्रणालीमा अतिरिक्त चाप परेको हो । स्थानीयवासीले हरेक वर्ष दोहोरिने यस्ता समस्यालाई मध्यनजर गर्दै समयमै पूर्वतयारी नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणप्रति असन्तुष्टि जनाएका छन् । केही दिनयता बारम्बार विद्युत् अवरुद्ध हुँदा कतिपय स्थानमा रातिको समयमा समेत सर्वसाधारणले सास्ती भोग्नुपरेको छ । गौशालाका युवा धनवीर महतोले गर्मीका बेला सार्वजनिक स्थानमा खानेपानीको व्यवस्था गर्न तथा सडकमा पानी छर्कनेजस्ता उपाय अवलम्बन गर्नुपर्ने बताउनुभयो । उहाँले अत्यधिक घामबाट जोगिने उपायबारे स्थानीय सरकारले नागरिकलाई सचेत गराउनुपर्नेमा जोड दिनुभयो । दिउँसोको चर्को गर्मीका कारण सर्वसाधारण साँझपख मात्र घरबाहिर निस्कन थालेका छन्। जलाधार क्षेत्र, पार्क तथा खुला स्थानमा मानिसको भीड बढ्न थालेको छ भने केही नागरिक गर्मीबाट राहत पाउन स्वीमिङ पुलतर्फ आकर्षित भएका छन् ।

विद्यालयहरूमा समेत गर्मीको प्रभाव देखिएको छ । पर्याप्त रूपमा पंखा सञ्चालन हुन नसक्दा विद्यार्थीहरूले कक्षाकोठामा असहज महसुस गरिरहेका छन् । जल तथा मौसम विज्ञान कार्यालय जनकपुरका मौसमविद् राजीव झाले आगामी तीन दिनसम्म गर्मीको अवस्था यथावत् रहने जानकारी दिनुभयो । उहाँका अनुसार दिउँसोको अधिकतम तापक्रम ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान गरिएको छ । स्वास्थ्यकर्मीहरूका अनुसार अत्यधिक गर्मीका कारण डिहाइड्रेसन, टाउको दुख्ने, ज्वरो आउने तथा अत्यधिक थकान महसुस हुने समस्या बढ्न थालेको छ । चिकित्सक डा. अविनाश मण्डलले गर्मीको असर व्यक्ति अनुसार फरक हुने बताउँदै बालबालिका, सुत्केरी महिला, ज्येष्ठ नागरिक तथा मुटुरोगीहरू बढी जोखिममा रहने जानकारी दिनुभयो । उहाँले पर्याप्त पानी पिउन, अनावश्यक रूपमा घाममा ननिस्कन तथा स्थानीय तहले सार्वजनिक स्थानमा पिउने पानीको व्यवस्था गर्न आवश्यक रहेको बताउनुभयो । पानीको अभाव हुँदा गर्मीका कारण ज्यानसमेत जोखिममा पर्न सक्ने उहाँको चेतावनी छ ।




# सोनमामा चोरी गर्न आएका समूहको गोली लागेर श्रीमान-श्रीमती घाइते

**मो. इर्शाद**
**महोत्तरी, २० जेठ**



महोत्तरीको सोनमा गाउँपालिका-३ खखनामा गएराति घरमै सुतेका एक दम्पतीमाथि गोली प्रहार गरी हत्या प्रयास गरिएको छ। अनुहार छोपेर आएका ७-८ जनाको अज्ञात समूहले मध्यरातमा घरमा प्रवेश गरी गोली प्रहार तथा कुटपिट गरेको प्रहरीले जनाएको छ ।


जिल्लाको पिपरा गाउँपालिका-२ अतरार स्थायी घर भई हाल ससुराली घर सोनमा-३ खखनामा बस्दै आएका सोनमा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत २८ वर्षीय रामईश्वर यादव र उनकी २२ वर्षीया श्रीमती किरणकुमारी यादव घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेका अनुसार घटनास्थलमा घरभित्रका सामान छरपस्ट अवस्थामा फेला परेका छन्। घरको दराज तथा विभिन्न बाकस फुटाइएको र तिलहरी, हनुमानीलगायतका गरगहना लुटिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए। घटनामा डाँकाको उद्देश्य देखिए पनि विस्तृत अनुसन्धानपछि थप तथ्य खुल्ने प्रहरीको भनाइ छ । घाइते दम्पतीलाई राति नै रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमिक अस्पतालमा प्राथमिक उपचार गराई थप उपचारका लागि जनकपुरस्थित जानकी हेल्थ केयरमा पठाइएको थियो। उनीहरूको स्वास्थ्य अवस्था हाल स्थिर रहेको बताइएको छ ।

पीडित रामईश्वर यादवले अज्ञात समूह घरभित्र प्रवेश गरी कुनै कुरा नगरी आफूलाई नियन्त्रणमा लिएर खुट्टा बाँधी कुटपिट गरेको र त्यसपछि गोली प्रहार गरेको बताए । आफूलाई बचाउन खोज्दा श्रीमतीमाथि पनि कुटपिट गरिएको र भाग्ने क्रममा उनको तिघ्रामा गोली लागेको उनले बताएका छन् । प्रहरीले घटनामा संलग्न व्यक्तिको खोजी तथा थप अनुसन्धान भइरहेको जनाएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# पूर्वाधार क्षेत्रमा सुधारको खाँचो

*नेपालको आर्थिक समृद्धिको सपना साकार पार्न पूर्वाधार क्षेत्रमा आमूल सुधारको खाँचो रहेको देखिन्छ। सरकारले केवल परम्परागत बजेटमा मात्र भर नपरी सार्वजनिक-निजी साझेदारी, पूर्वाधार बन्ड र वैदेशिक प्रत्यक्ष लगानी भित्र्याउन कानुनी र नीतिगत सहजता प्रदान गर्नुपर्ने देखिन्छ। आयोजना घोषणा गर्नुअघि नै जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्यांकनको काम शतप्रतिशत सकिने प्रणाली स्थापना गरिनुपर्ने देखिन्छ। सबैभन्दा महत्वपूर्ण कुरा, पूर्वाधार निर्माणलाई राजनीतिक भागबन्डा र दलीय स्वार्थभन्दा माथि राखेर 'राष्ट्रिय प्रतिबद्धता'को विषय बनाइनुपर्ने देखिन्छ।*

*समयमै र गुणस्तरीय रूपमा आयोजना सम्पन्न गर्ने ठेकेदार र आयोजना प्रमुखलाई पुरस्कृत गर्ने तथा ढिलासुस्ती गर्नेलाई कडा दण्ड दिने कानुनी सुनिश्चितता नभएसम्म 'पूर्वाधारको कछुवा गति' सुध्रिने छैन। त्यसैले अबको पूर्वाधार निर्माण 'हरियो' र 'दिगो' हुनुपर्छ। पहाडी सडकहरूको संरक्षण र पहिरो नियन्त्रणका लागि जैविक प्रविधि अर्थात् बायो-इन्जिनियरिङको प्रयोग अनिवार्य गरिनुपर्ने देखिन्छ।*

*रैथाने वनस्पतिको रोपण, भेटिभर र अम्रिसोजस्ता गहिरो जरा जाने घाँसको प्रयोग गरेर भिरालो जमिनलाई प्राकृतिक रूपमै स्थिर बनाउने यो प्रविधि नेपालका लागि सस्तो, वैज्ञानिक र पर्यावरणमैत्री रहेका छन। पूर्वाधार निर्माण गर्दा वन्यजन्तुका लागि 'अन्डरपास' वा 'ओभरपास' बनाउने, पानीका मुहानहरू संरक्षण गर्ने र भू-क्षय रोक्ने इन्जिनियरिङ डिजाइन आजको आवश्यकता रहेको देखिन्छ।*

# जलेका तथा तोडफोड भएका अधिकांश कार्यालयहरु पूर्णरूपमा सञ्चालनमा आएनन्

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २० जेठ**



जेनजी आन्दोलनका क्रममा जलेका तथा तोडफोड भएका अधिकांश कार्यालय पूर्णरूपमा सञ्चालनमा आएका छैनन्। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सप्तरीमा रहेका डिभिजन वन कार्यालय, उच्च सरकारी वकिलको कार्यालय, जिल्ला हुलाक कार्यालय, कर सेवा कार्यालय, डिभिजन वन कार्यालय, सप्तरी जिल्ला अदालत, सहरी सघन तथा भवन निर्माण कार्यालयमा बढी क्षति भएको थियो।

आवश्यक सामग्री व्यवस्थापन गरेर अन्य कार्यालयको काम सहज रूपमा सञ्चालन गर्दै आए पनि कर सेवा कार्यालय र डिभिजन वन कार्यालयको भवन काम नलाग्ने अवस्थामा रहेका छन्। काम नलाग्ने अवस्थामा भएपछि कार्यालयले भाडामा सेवा दिँदै आएको डिभिजन वन कार्यालयका प्रमुख पङ्कज झाले जानकारी दिनुभयो।

कार्यालय प्रयोजनका लागि रहेको आन्तरिक बजेटबाट मर्मत र आवश्यक सामग्री खरिद गरेर कार्यालयको व्यवस्थापन गरे पनि अहिले सघन सहरी तथा भवन आयोजनाको सहयोगमा भवन निर्माण भइरहेको उच्च सरकारी वकिलको कार्यालयका सहन्यायाधिवक्ता सुदीप दङ्गालले जानकारी दिनुभयो। कार्यालयहरू जेनजी आन्दोलनपछि न्यूनतम सुविधामा सञ्चालनमा रहेका छन्। कार्यालयको रेकर्ड र फाइल जलेकाले पुराना रेकर्ड जुटाउन कठिनाइ भइरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखेलले जानकारी दिनुभयो। जेनजी आन्दोलनका क्रममा जलाइएको राजविराज नगरपालिका कार्यालय पुनर्निर्माण हुन नसक्दा सेवाग्राही र कर्मचारीले सास्ती भोग्दै आइरहेका छन्। जेनजी आन्दोलनमा राजविराज नगरपालिकाको कार्यालय भवनमा सबैभन्दा बढी क्षति भएर जीर्ण बनेको छ। राजविराज नगरपालिका-७ मा रहेको यस भवनमा दुई हलसहित करिब ३० वटा कोठामा नगरपालिकाको कार्यालय सञ्चालनमा थियो। आगजनीपछि नगरपालिका कार्यालयको भवनसहित कागजात, कम्प्युटर, ल्यापटप, प्रिन्टर कार्यालय प्रयोजनका लागि रहेका आवश्यक सामग्रीसहित सवारी साधनसहित करिब १५ करोड रुपियाँभन्दा बढीको क्षति भएको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिकिशोरप्रसाद चन्द्रवंशीले जानकारी दिनुभयो।

# प्रहरीलाई लक्षित गर्दै अपशब्द प्रयोग गर्ने युवक पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० जेठ**



सामाजिक सञ्जाल टिकटकमार्फत नेपाल प्रहरीलाई लक्षित गर्दै अपशब्द प्रयोग गरी भिडियो सार्वजनिक गर्ने एक युवकलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मनराशिश्वा नगरपालिका-७ का २२ वर्षीय अनिल साहले (@Sarpallopulchwokboy) नामक टिकटक आइडीमार्फत नेपाल प्रहरी समेतलाई लक्षित गर्दै अपशब्द प्रयोग गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए।

उक्त घटनाबारे जानकारी प्राप्त भएपछि प्रहरीले साहको घरमै पुगेर सोधपुछ तथा सम्झाइबुझाइ गर्दा समेत प्रहरी कर्मचारीप्रति अभद्र व्यवहार गरेको पाइएपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको टोलीले उनलाई घरबाट पक्राउ गरेको हो। पक्राउ परेका साहविरुद्ध जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट मङ्गलबार ७ दिनको म्याद लिई अभद्र व्यवहार सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले जानकारी दिनुभयो।

# जानकी ट्रेडर्समा आगलागी, आगलागीबाट पसलभित्र रहेका सामानमा क्षति पुगेको प्रारम्भिक अनुमान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २० जेठ**



जनकपुरधाम उपमहानगरपालिका-१ भानुचोकस्थित जानकी ट्रेडर्समा आगलागी भएको छ। आगलागीपछि स्थानीय, प्रहरी तथा दमकलको टोली परिचालन गरी आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आगलागीको सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो। जनकपुरधाम उपमहानगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आगलागीबाट पसलभित्र रहेका सामानमा क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ। यद्यपि, क्षतिको यकिन विवरण संकलन गर्ने कार्य जारी रहेको छ। घटनामा मानवीय क्षति भने नभएको जानकारी प्रहरीले जनाएको छ। आगलागीको कारण खुल्न बाँकी रहेको भन्दै प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

साथै, विद्युत् सर्ट वा अन्य सम्भावित कारणबारे प्राविधिक रूपमा अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। घटनापछि भानुचोक क्षेत्रमा केही समय त्रासको वातावरण बनेको भए पनि आगो नियन्त्रणमा आइसकेकाले अवस्था सामान्य बनेको प्रहरीले जनाएको छ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: खानपानमा समस्या आउने
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: पिछडेको साथी मिल्न
कन्या: विचार गरेर बोल्नुहोला
तुला: आम्दानी हुने
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: अनावश्यक चिन्ता
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## नेतान्याहूलाई ट्रम्पले रोके, गरे हिजबुल्लाहसँग युद्धविरामको घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० जेठ



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र हिजबुल्लाहबिच युद्धविरामका लागि सहमति भएको घोषणा गरेका छन् । सामाजिक सञ्जालमार्फत यसको जानकारी दिँदै राष्ट्रपति ट्रम्पले यस क्षेत्रमा शान्ति स्थापनाका लागि इरानसँगको वार्ता समेत तीव्र गतिमा अगाडि बढिरहेको दाबी गरेका हुन् ।

लेबनानमा इजरायली सैन्य कारबाहीको विरोध गर्दै तेहरान (इरान) ले मध्यस्थकर्ताहरू मार्फत वासिङ्टनसँग भइरहेको सन्देश आदानप्रदान प्रक्रिया स्थगित गरेको बताएको केही घण्टापछि नै ट्रम्पको यो सकारात्मक टिप्पणी सार्वजनिक भएको हो। आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा लेख्दै ट्रम्पले भनेका छन्, "इरानसँगको वार्ता तीव्र गतिमा जारी छ ।"

राष्ट्रपति ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूसँग फोन वार्ता भएको र हिजबुल्लाहका प्रतिनिधिहरूले पनि सकारात्मक सन्देश पठाएको उल्लेख गर्दै दुवै पक्ष शत्रुतापूर्ण सैन्य गतिविधि रोक्न सहमत भएको बताएका हुन् । इजरायली प्रधानमन्त्री नेतान्याहूसँगको संवाद अत्यन्तै फलदायी रहेको उल्लेख गर्दै ट्रम्पले युद्धविरामको सहमति अनुसार इजरायलले लेबनानको राजधानी बेरुतमा आफ्नो सेना नपठाउने समेत स्पष्ट पारेका छन् । यसअघि आइतबार मात्र इजरायलले दक्षिण लेबनानको रणनीतिक महत्त्वको ब्युफोर्ट रिज र त्यसको टाकुरामा रहेको ऐतिहासिक किल्ला कब्जा गरेको दाबी गरेको थियो। यो क्षेत्र यसअघि युद्धविराम सम्झौतापछि इजरायलले कायम राखेको सुरक्षा क्षेत्र भन्दा बाहिर पर्दछ । सञ्चारमाध्यमहरूका अनुसार यो कदम २० वर्षभन्दा बढीको अवधिमा लेबनानमा इजरायलको सबैभन्दा गहिरो सैन्य प्रवेश हो ।

## फिल्म हली साउन २२ देखि प्रदर्शनमा आउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० जेठ



फिल्म 'हली' साउन २२ गतेदेखि प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले फिल्मको एक पोष्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन तिमि बाहिर ल्याएको हो।

पोस्टरमा काँधमा हलो बोकेका एक पुरुष र नाम्लो-डोको बोकेर गम्भीर मुद्रामा रहेकी एक महिलाको तस्बिरलाई प्रस्तुत गरिएको छ, जसले परम्परागत नेपाली कृषि जीवन र त्यसभित्रको संघर्षलाई झल्काउँछ। पृष्ठभूमिमा पहाडी भेगको परम्परागत ढुङ्गे घर र एउटी महिलालाई ढोकाबाट चियाइरहेको अवस्थामा देख्न सकिन्छ । जापुरा फिल्मस् प्रोडक्सन र शुभ चिरायु फिल्मस्को सहकार्यमा निर्माण भएको फिल्मको लेखन तथा निर्देशन ओम प्रतिक हुन्। फिल्ममा प्रमोद दीप, सुजता थापा, सरोज खनाल, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, नविन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले, विशाल पहाडीका साथै निर्देशक ओम प्रतीककै मुख्य भूमिका छ । फिल्ममा नेपालका चर्चित शीर्ष कलाकारहरू दीपाश्री निरौला, किरण केसी, दिलीप रायमाझी, प्रियंका कार्की र पूजा शर्माको नृत्य छ । कार्यकारी निर्माता अर्जुन भुसाल, सह-निर्माती नम्रता भण्डारी रहेको फिल्ममा राहुल राईको छायांकन र रामप्रसाद चौधरी एवं विपिन मल्लको सम्पादन छ। फिल्ममा शम्भुजित बास्कोटा, बाबुल गिरी र कृष्ण भारद्वाजको संगीत छ भने कुमार महर्जनको द्वन्द्व निर्देशन छ।

फिल्मको वितरण नेशनल सिने ग्रुप प्रालिले गर्दैछ भने डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ ।

## बजेटको व्यवस्थाले सेयर बजारमा पूँजीगत लाभकर अन्तिम हुन्छ कि हुँदैन ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० जेठ



सरकारले आगामी आर्थिक वर्षको बजेटमा ल्याएको पूँजीगत लाभकरसम्बन्धी व्यवस्था अहिले चर्चामा छ। सरकारले सेयर कारोबारबाट भएको आयमा पूँजीगत लाभकर २.५ प्रतिशत बिन्दुले वृद्धि गरी अन्तिम हुने घोषणा समेत गऱ्यो । तर पूँजीगत लाभकर अन्तिम हुनेबारे आर्थिक विधेयकमा परेको विषयले धेरैलाई अन्योल बनाएको छ।

त्यसरी अन्योल हुनुको मुख्य कारण अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट वक्तव्यमा जसरी स्पष्ट घोषणा गरे, आर्थिक विधेयकमा त्यस्तो पष्ट व्यवस्था नगर्नु हो । सेयर लगानीकर्ताले बजेटको पूर्वतयारीमा अर्थमन्त्रीलाई सुझाव दिँदै पूँजीगत लाभकर बढाए पनि अन्तिम घोषणा गरिदिन सुझाएको अर्थमन्त्री आफैंले सार्वजनिक रूपमा जानकारी गराइसकेका छन् । अर्थमन्त्रीले पनि पूँजीगत लाभकर अन्तिम नै भएको स्पष्ट बताइसके । तर, पनि आर्थिक विधेयकमा सबै पूँजीगत लाभकर अन्तिम हुने कुरा उल्लेख नभएको भन्दै असन्तुष्टि बढेको छ। लगानीकर्तामा करको अन्योलता हुँदा धितोपत्र बजार सूचक बजेट पछिको पहिलो दिन सोमबार २६ अंक घट्यो। यद्यपि मंगलबार २२ अंकले बढेको छ। सरकारले आर्थिक विधेयक मार्फत आयकर ऐन संशोधन गरी पूँजीगत लाभकर अल्पकालीनका लागि १० र दीर्घकालीनको ७.५ प्रतिशत बनाएको छ।

## केभिन डे ब्रुयनः बेल्जियमको खेल चलाउने जादुगर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० जेठ



सहयात्रीका लागि सटिक पास निकाल्ने, टोलीको खेललाई लय दिने र आवश्यक पर्दा व्यक्तिगत कौशलबाट उत्कृष्ट गोल गर्ने क्षमता भएका केभिन डे ब्रुयन लामो समयदेखि क्लब र देश दुवैका लागि महत्वपूर्ण खेलाडी बनेका छन्।

मांसपेशीको चोटका कारण नोभेम्बरदेखि फेब्रुअरीसम्म मैदानबाहिर रहे पनि पूर्ण रूपमा फिट भएपछि उनले फेरि आफ्नो पुरानो लय समातेका छन्। त्यसैले फिफा विश्वकप २०२६ मा बेल्जियमका लागि उनी फेरि मुख्य खेलाडी बन्ने अपेक्षा गरिएको छ।

सुरुवाती यात्रा र उपलब्धिः डे ब्रुयनले आफ्नो फुटबल यात्रा जेन्कको एकेडेमीबाट सुरु गरेका थिए। प्रतिभाका कारण उनले छिट्टै चेल्सीमा स्थान बनाए । तर स्टामफोर्ड ब्रिजमा उनले पर्याप्त अवसर पाएनन्। उनलाई जर्मन क्लब वेर्डर ब्रेमेनमा ऋणमा पठाइयो र पछि वोल्फ्सबर्गमा बिक्री गरियो। वोल्फ्सबर्गमै उनले आफ्नो वास्तविक क्षमता देखाए। त्यहाँको एकमात्र सिजनमै उनले युरोपका पाँच प्रमुख लिगमा सबैभन्दा धेरै असिस्ट गर्ने खेलाडी बने। त्यतिबेला उनका निकटतम प्रतिस्पर्धी सेस फाब्रेगास र लियोनल मेस्सी थिए, जसले उनको स्तर स्पष्ट देखाउँछ । त्यसपछि सन् २०१६ मा उनी म्यान्चेस्टर सिटी पुगे र त्यहाँको यात्रा ऐतिहासिक बन्यो। सिटीमा उनले लगातार सफलता हासिल गरे। २०१७-१८ देखि २०२३-२४ सम्म सात सिजनमध्ये ६ पटक प्रिमियर लिग जिते।

## १९ लाख ६० हजार रुपैयाँ बराबरको फर्सीको अवैध बिउ बरामद

जलेश्वरटुडे समाचारदाता
सिरहा, २० जेठ



सिरहा प्रहरीले भारत तर्फ अवैध रूपमा निकासी गर्न तयारी अवस्थामा राखिएको करिब १९ लाख ६० हजार रुपैयाँ बराबरको फर्सीको बिउ बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले बरियारपट्टी गाउँपालिका-२ स्थित एक घरमा खानतलासी गर्दा ठूलो परिमाणमा फर्सीको बिउ फेला पारेको हो।

प्रहरीले कानुनी प्रक्रिया पूरा गरी गरिएको खोजतलासका क्रममा घरको प्यासेजमा लुकाएर राखिएको अवस्थामा ७० बोरा फर्सीको बिउ बरामद गरेको जनाएको छ। प्रहरीका अनुसार बरामद गरिएको प्रत्येक बोराको अनुमानित मूल्य २८ हजार रुपैयाँ रहेको छ। सोही आधारमा कुल मूल्य १९ लाख ६० हजार रुपैयाँ कायम गरिएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले बरामद गरिएको बिउ आवश्यक अनुसन्धान तथा कारबाहीका लागि भन्सार कार्यालय माडरमा बुझाइएको जानकारी दिए । सीमावर्ती क्षेत्र हुँदै हुने अवैध निकासी तथा तस्करी नियन्त्रणलाई प्राथमिकतामा राखेर प्रहरीले निगरानी बढाएको जनाएको छ। पछिल्लो समय कृषि उपज तथा अन्य वस्तुको अवैध ओसारपसार रोक्न विशेष अभियान सञ्चालन गरिएको प्रहरीको भनाइ छ । प्रहरीले यस्ता गैरकानुनी गतिविधिबारे जानकारी भए तत्काल सूचना दिन सर्वसाधारणलाई आग्रह गर्दै तस्करी नियन्त्रणका लागि अभियानलाई थप प्रभावकारी बनाइने जनाएको छ।

## बालक अपहरण सम्बन्धी कसूर मुद्दाका एक फरार प्रतिवादीलाई रौतहटबाट पक्राउ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २० जेठ



जिल्ला प्रहरी कार्यालय महोत्तरीले बालक अपहरण सम्बन्धी कसूर मुद्दाका एक फरार प्रतिवादीलाई रौतहटबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहट जिल्लाको गढीमाई नगरपालिका वडा नं. ७ बस्ने वर्ष २३ को नवराज अधिकारी रहेको प्रहरीले जनाएको छ।

गत वैशाख ७ गते दिउँसो अन्दाजी २ बजे महोत्तरी जिल्लाबाट तीन जना अज्ञात मानिसले नम्बर नखुलेको मोटरसाइकलमा एक ८ वर्षीय बालकलाई राखेर अपहरण गरी लैजाँदै गरेका थिए। त्यस क्रममा बालक चिच्याएर कराएपछि स्थानीय बासिन्दाले देखेर उक्त मोटरसाइकललाई रोक्ने प्रयास गरेका थिए । स्थानीयले रोक्न खोजेपछि अपहरणकारीहरू बालकलाई सोही स्थानमा छाडेर फरार भएका थिए । प्रहरीले अनुसन्धानका क्रममा वारदातमा प्रयोग भएको ना ६४ प ७९९० नम्बरको मोटरसाइकल समेत बरामद गरेको थियो।

उक्त घटनामा संलग्न प्रतिवादीहरूमध्येका अधिकारीलाई गत जेठ १५ गते दिउँसो अन्दाजी ३ः३० बजे महोत्तरीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय रौतहटको आवश्यक सहयोगमा उनलाई रौतहटको गौर नगरपालिका वडा नं. ५ स्थित हस्पिटल चोकबाट नियन्त्रणमा लिइएको प्रहरीले उल्लेख गरेको छ । महोत्तरीका प्रहरी प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायव उपरीक्षक पन्च लाल गोलेका अनुसार पक्राउ परेका अधिकारीमाथि थप अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरिएको छ र घटनाका सम्बन्धमा अन्य आवश्यक अनुसन्धान कार्य भइरहेको छ।

# डोजर आतंक र भावनात्मक नाराले गाँठो परेको सुकुमवासी समस्या

-काठमाडौंको नदी किनार अतिक्रमणले बाढी, प्रदूषण र वातावरणीय सङ्कट निम्त्याएकाले यसको वैज्ञानिक व्यवस्थापन आवश्यक छ। वास्तविक भूमिहीन पहिचान गर्न वैज्ञानिक वर्गीकरण गरी अवसरवादी अतिक्रमणकारी र पीडितलाई छुट्ट्याउनु जरुरी देखिन्छ । सुकुमवासी समस्याको दीर्घकालीन समाधानका लागि कानूनी शासन, मानवीय पुनर्स्थापना र योजनाबद्ध शहरी विकास बीच सन्तुलन आवश्यक छ। कुनै पनि समाजको परिपक्वता उसले कमजोर नागरिकप्रति कति सहानुभूति राख्छ भन्ने कुराले मात्र मापन हुँदैन; उसले न्याय, कानून र साझा सार्वजनिक हितलाई कसरी सन्तुलित गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ । काठमाडौंका नदी किनारमा रहेका सुकुमवासी बस्तीबारे अहिले भावनात्मक बहस तीव्र बनेको छ। धेरै लेख, टिप्पणी र भाष्यहरूले सुकुमवासीलाई केवल पीडित समुदायका रूपमा प्रस्तुत गरिरहेका छन्। उनीहरूको गरिबी, विस्थापन र सङ्घर्षको कथा वास्तविक हो, त्यसलाई अस्वीकार गर्न मिल्दैन। तर, प्रश्न यति मात्र होइन। प्रश्न यो पनि हो– के राज्यले सार्वजनिक सम्पत्ति, वातावरणीय सुरक्षा, नदी प्रणाली, शहरी योजना र कानूनी शासनलाई पूर्ण रूपमा बेवास्ता गरेर मात्र समस्याको समाधान गर्न सक्छ ? कहिलेकाहीं मानिसहरूको बुझाइ र यथार्थ बीच ठूलो अन्तर हुन्छ। भावनाले मात्रै निर्माण गरेको भाष्यले यथार्थलाई एकतर्फी बनाउन सक्छ। आज सुकुमवासी समस्यामा त्यही भइरहेको देखिन्छ। एउटा पक्षले केवल डोजर देखिरहेको छ, तर अर्को पक्षले दशकौंदेखि भइरहेको अनियन्त्रित अतिक्रमण, नदी प्रदूषण, बाढी जोखिम, राजनीतिक संरक्षण र शहरी अराजकतालाई पनि देख्न आवश्यक छ । सर्वप्रथम एउटा कुरा स्पष्ट हुनुपर्छ– गरिब हुनु अपराध होइन । तर गरिबीको नाममा कुनै पनि सार्वजनिक क्षेत्र स्थायी रूपमा कब्जा गर्ने अधिकार पनि स्वतः प्राप्त हुँदैन। यदि राज्यले कानूनलाई पूर्ण रूपमा निष्क्रिय बनायो भने त्यसको असर अन्ततः सबैभन्दा धेरै कमजोर नागरिकमाथि नै पर्छ। नदी किनारका बस्तीहरू केवल आवासीय समस्या होइनन्; ती काठमाडौंको वातावरणीय सङ्कट, जलप्रवाह अवरोध, फोहोर व्यवस्थापन, बाढी जोखिम र अव्यवस्थित शहरीकरणसँग गहिरो रूपमा जोडिएका विषय हुन् । काठमाडौं उपत्यकाका नदीहरू कुनै समय सभ्यताको आधार थिए। आज तिनको अवस्था हेर्दा हामीले विकासको नाममा प्रकृतिमाथि कति हिंसा गरेका छौं भन्ने स्पष्ट हुन्छ। नदी साँघुरो बनाइयो, ढल मिसाइयो, किनार अतिक्रमण गरियो। वर्षायाममा सामान्य वर्षा समेत जोखिमपूर्ण बन्नुको एउटा कारण यही अव्यवस्थित बसोबास पनि हो। जब नदीको प्राकृतिक बहाव रोकिँदै जान्छ, त्यसको मूल्य सम्पूर्ण शहरले चुकाउँछ । काठमाडौंका नदीहरू पानी बग्ने




माध्यम मात्र होइनन्, ती शहरको वातावरणीय सुरक्षा प्रणाली, भू-जल पुनर्भरणको आधार, जैविक विविधताको स्रोत र विपद् व्यवस्थापनको प्राकृतिक संरचना पनि हुन् । जब नदी किनार अव्यवस्थित रूपमा अतिक्रमण गरिन्छ, त्यसले सार्वजनिक जग्गाको प्रश्न मात्र उठाउँदैन, सम्पूर्ण शहरको दीर्घकालीन सुरक्षामाथि असर पार्छ। कुनै पनि आधुनिक शहरमा नदी क्षेत्रलाई 'नो बिल्ड जोन' का रूपमा संरक्षण गरिन्छ। भारत, चीन, दक्षिण कोरिया, सिङ्गापुर वा युरोपका शहरहरूले पनि नदी पुनर्जीवनका लागि अतिक्रमण हटाएका उदाहरण प्रशस्त छन् ।

काठमाडौंमा मात्रै यस्तो बहस हुनुको कारण यहाँ समस्या वर्षौंसम्म राजनीतिक लाभका लागि जानीजानी थाती राखिनु हो । उदाहरणका लागि, दक्षिण कोरियाको सियोलमा रहेको चेओङ्ग्येचोन (Cheonggyecheon) नदी कुनै समय अत्यधिक प्रदूषित र अतिक्रमित क्षेत्रमा परिणत भएको थियो । सरकारले दीर्घकालीन योजना बनाएर त्यहाँ रहेका अव्यवस्थित संरचना हटायो, वैकल्पिक व्यवस्थापन गर्‍यो र नदीलाई पुनर्जीवित बनायो। आज त्यो क्षेत्र सियोलको पर्यावरणीय र आर्थिक पुनर्जागरणको प्रतीक बनेको छ। भारतको अहमदाबादमा 'साबरमती रिभरफ्रन्ट' परियोजना अन्तर्गत हजारौं परिवारलाई व्यवस्थापन गर्दै नदी क्षेत्र पुनर्संरचना गरियो। त्यहाँ आलोचना पनि भए, तर शहरले बाढी नियन्त्रण, सार्वजनिक खुला क्षेत्र र व्यवस्थित शहरी पूर्वाधार प्राप्त गर्‍यो। सिङ्गापुरले त दशकौंअघि नै नदी प्रदूषण नियन्त्रण र किनार व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकता बनाएको थियो । नेपालले पनि यहाँ भावनात्मक बहसभन्दा व्यावहारिक समाधान खोज्नुपर्छ। समाधानको पहिलो आधार वैज्ञानिक वर्गीकरण हो। वास्तविक भूमिहीन, विपद्पीडित, दीर्घकालीन बसोबासी र अवसरवादी अतिक्रमणकारीलाई एउटै समूहमा राखेर हेर्न मिल्दैन । नदी संरक्षणलाई कानूनी रूपमा कडाइका साथ लागू गर्नुपर्छ, ताकि भविष्यमा फेरि अतिक्रमण दोहोरिन नपाओस् । यदि आज पनि राजनीतिक स्वार्थका कारण समस्या थाती राखियो भने भोलिको काठमाडौं अझ असुरक्षित, प्रदूषित र विपद् जोखिमयुक्त शहर बन्नेछ । वास्तविक समस्या के हो भने, नेपालमा सुकुमवासी मुद्दा समाधानभन्दा बढी राजनीति गर्ने साधन बनाइयो। चुनाव आउँदा लालपुर्जाको सपना बाँडियो, आन्दोलनका बेला सहानुभूति देखाइयो, तर दीर्घकालीन नीति कहिल्यै बनाइएन। फलस्वरूप वास्तविक भूमिहीन र अवसरवादी अतिक्रमणकारी एउटै भीडभित्र मिसिए। यही कारण आज समस्या झन् जटिल बनेको छ । नदी किनारको अनियन्त्रित अतिक्रमणलाई निरन्तर वैधता दिनु भनेको भविष्यको काठमाडौंलाई अझ ठूलो बाढी, प्रदूषण, विपद् र अव्यवस्थित शहरी सङ्कटतर्फ धकेल्नु हो। तर यसको अर्थ मानव पीडालाई बेवास्ता गर्नु किमार्थ होइन । हामीले एउटा कठिन तर आवश्यक प्रश्न सोध्नुपर्छ– के सबै नदी किनारमा बस्ने मानिस वास्तविक भूमिहीन नै छन् ? तथ्यहरूले देखाउँछन् कि धेरै स्थानमा दोहोरो स्वामित्व भएका, राजनीतिक पहुँच प्रयोग गर्ने, सार्वजनिक जग्गा कब्जा गरेर पछि वैधानिकता खोज्ने समूहहरू पनि छन्। यदि राज्यले कुनै स्पष्ट मापदण्ड विना सबै अतिक्रमणलाई वैध बनायो भने त्यसले भविष्यमा झन् ठूलो अराजकता निम्त्याउँछ। भोलि फेरि अर्को सार्वजनिक क्षेत्र कब्जा गरिन्छ र त्यसलाई पनि गरिबीको नाममा वैधता दिन दबाब सिर्जना हुन्छ ।

मानवताका नाममा कानूनलाई निष्क्रिय बनाउनु दीर्घकालीन समाधान होइन। राज्यको पहिलो दायित्व नागरिकप्रति हुन्छ, तर त्यो दायित्व सम्पूर्ण नागरिकप्रति समान हुन्छ। एउटा वर्गलाई संरक्षण गर्दा अर्को वर्गको सुरक्षा, वातावरणीय अधिकार र सार्वजनिक स्रोतको हित नष्ट गर्न पाइँदैन। नदी किनार अतिक्रमणका कारण हुने बाढी, प्रदूषण र अव्यवस्थित विस्तारको असर लाखौं काठमाडौंवासीले भोगिरहेका छन् ।

यसको अर्थ राज्यले अमानवीय व्यवहार गर्न पाउँछ भन्ने होइन। समस्या यहींनेर छ, बहसलाई 'डोजर आतङ्क' मा सीमित गरियो। जबकि वास्तविक समाधान 'कानूनी शासन + मानवीय पुनर्स्थापना' को सन्तुलनमा छ। राज्यले यदि पुनर्स्थापनाको पर्याप्त विकल्प नदिई जबर्जस्ती उठीबास गर्छ भने त्यो गलत हो। तर यसको उल्टो, राज्यले सार्वजनिक जग्गामाथिको अनन्त अतिक्रमणलाई स्वीकार गरिरहनु पनि गलत हो ।

आज काठमाडौंले अर्को ठूलो प्रश्न सामना गरिरहेको छ– यो राजधानी शहर कसका लागि हो ? यदि शहरमा केवल बसोबासको अधिकारको कुरा गर्ने हो भने योजनाबद्ध शहरी विकास कहिल्यै सम्भव हुँदैन । सडक, नदी, पार्क, खुला क्षेत्र, सार्वजनिक संरचना र वातावरणीय सुरक्षालाई पनि समान महत्त्व दिनुपर्छ। संसारका कुनै पनि व्यवस्थित शहरले नदी किनारमा अनियन्त्रित बस्तीलाई दीर्घकालीन समाधानका रूपमा स्वीकार गरेका छैनन् । केही भाष्यहरूले सुकुमवासी बस्तीलाई पूर्ण रूपमा राज्यको असफलताको परिणाम मात्र देखाउन खोज्छन् । राज्यको असफलता निःसन्देह ठूलो कारण हो, तर व्यक्तिगत र सामूहिक जिम्मेवारीको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ ।

**साभार : अनलाइन खबर ।**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।०६।२३ मा प्रा.लि.नं.२००७९०/०७५/०७६ मा दर्ता भएको **एडभान्स भद्रपुर डेन्टल क्लिनिक प्रा.लि.** को मिति २०८३।०२।२० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)**

**फोन नं.: ९८४११४१६१७**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday